# महानगर



१ मिनेटमा ३५ वटा मालबाहक सवारी ६० देखि १२० प्रतिघन्टामा गुड्दा निस्कने धुलो, धूवाँले मानवबस्तीमा क्षयरोग, एचआईभी/एड्स, क्यान्सरका रोगीको संख्या बढ्दै जाने र त्यो संख्या दीर्घकालीनसम्म नघट्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।



# अलमलमा फास्ट ट्र्याक

सुरेश तामाङ, काठमाडौं

बहुचर्चित राष्ट्रिय गौरवको आयोजनाका रूपमा सरकारले अगाडि सारेको काठमाडौं-तराई/मधेश द्रुतमार्गको काठमाडौंबाट प्रस्थान गर्ने प्रदेशमार्ग (० किलोमिटर) सानो खोकनामा देखिएको विवाद केही दिनदेखि मत्थर भएको छ।

सडकमार्ग बनाउन जिम्मा पाएको नेपाली सेनाको एक टुकुटी सानो खोकनामा बस्न थालेपछि उत्कर्षमा पुगेको खोकनाबासीको विरोधका स्वर बुंगमतीको फर्सिडोलमा फास्ट ट्र्याकको प्रस्थानविन्दु सार्ने निर्णय गरेपछि लगभग मत्थर भएको हो।

सानो खोकनामा जग्गाको मुआब्जा विवाद हुँदै बढेको विवाद ऐतिहासिक र साँस्कृतिक सम्पदाको नास गर्ने, विस्थापित हुनुपर्ने, आदिबासी अधिकारको उल्लघंन गरेको, वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन अक्षरस पालना गर्नुपर्नेलगायतका माग राख्दै निरन्तर विरोध जनाइराख्यो।

विरोधकै कार्यक्रममा खोकनाबासीसँग नेवार समुदायका अन्य सडक विस्थापितको साथमा विभिन्न ठाउँमा धर्नाका साथै उपत्यका बन्दसम्मको गर्‍यो। तर खोकनाबासीले उठाएको माग न सम्बोधन भयो न त फास्ट ट्र्याक नै निर्माण कार्य शुरू भयो।

नेपालकै केही सडकको ट्र्याक खोल्ने काम उत्साहजनक ढंगले गर्दै आएको तर कुनै पनि सडकको अहिलेसम्म फिनिसिङको काममा व्यावसायिक दक्षता नबटुलेको सेनालाई यसरी पहिलो पटक एसियन स्ट्यान्डर्डको अन्तर्राष्ट्रियस्तरको सडक निर्माणको जिम्मा दिए पनि सामान्य विवाद निस्केर लामो समयसम्म काम शुरू गर्न नपाउँदा सरकारी तवरले मध्यस्थकर्ताको भूमिका खेल्न नसकेपछि सेना यसबिचमा झनै अलमलमा परेको देखियो।

खोकनामा विवाद चुलिँदै गर्दा यसको विकल्प खोज्दै थियो। खोकनाबासीकै मागअनुसार सेनाले उच्चस्तरीय समिति बनाएर स्थानीय मागको सम्बोधन गर्ने तयारी गरेर वार्ता बस्नै लागेको थियो तर कुरा अर्कै भइदियो। अचानक फास्ट ट्र्याकको ० किलोमिटर प्रस्थानविन्दु बुंगमती फर्सिडोल बनाउने कुरा बाहिर आएपछि खोकनाबासी भड्के।

नेपाल साँस्कृतिक पुनर्जागरण अभियानका केन्द्रीय सदस्य असोज महर्जन भन्नुहुन्छ- 'हाम्रै मागअनुसार सेनाले उच्चस्तरीय समिति बनाई वार्तामा बसेर हाम्रो माग सम्बोधन गर्ने विषय भइरहेको थियो। वार्ताको तयारी पनि भइरहेको थियो। तर अचानक फास्ट ट्र्याकको ० किलोमिटर बनाउने भनेपछि कुरा बिग्रियो।'

सैबु, भैंसेपाटी, खोकना र बुंगमती खण्डमा विविध कारणले फास्ट ट्र्याक निर्माण कार्य अवरुद्ध भएकाले देखापरेको समस्यालाई समाधान गरी निर्माण कार्य सुचारु गर्न सहज पार्न भन्दै गएको वैशाख २८ मा सांसद पम्फा भुसालको अध्यक्षतामा बैठक बस्यो।

बैठकमा आयोजनाप्रमुख योगेन्द्र खाँडलगायत स्थानीय जनप्रतिनिधिसमेत उपस्थित थिए। बैठकले प्रवेशविन्दु अर्थात् ० किलोमिटर परिवर्तन, मुआब्जा वृद्धि, जग्गा अधिग्रहण, बाहिरी चक्रपथ र मातातीर्थ प्रशारण लाइनको १ सय ३२ केभीएको प्रसारण लाइनलगायत महत्त्वपूर्ण विषयमा छलफल गरेर निर्णयसमेत लियो।

बैठकले काठमाडौंतर्फको प्रवेशविन्दु सानो खोकनालाई परिवर्तन गरी बुंगमतीको फर्सिडोलमा कायम गर्ने र सोबाट अगाडि द्रुतमार्ग नबढाउने उक्त निर्णय मन्त्रिपरिषद्बाट पारित गराउन पेश गरिसकेको छ तर अहिलेसम्म सरकारको निर्णय भने आइपुगिसकेको छैन।

उक्त बैठकले त्यस्तो निर्णय लिएसँगै फास्ट ट्र्याकको खोकना खण्डमा देखिएको खोकनाबासीको विरोध हिजोआज लगभग शून्य प्राय छ। तर फास्ट ट्र्याक खोकनामा बनेपनि नबनेपनि आदिबासीको विस्थापित हुने, संस्कृती तथा ऐतिहासिक सम्पदाको लोप गर्ने खालका विकासका योजनाविरुद्ध सधैं विरोध गरिरहने उद्घोष खोकनाबासीको रहेको नेपाल साँस्कृतिक पुनर्जागरण अभियानका केन्द्रीय सदस्य महर्जनले बताउनुभयो।

उचित मुआब्जा, स्थानीय विस्थापित नहुने अवधारणासहितको योजना, ऐतिहासिक सम्पदाको जगेर्ना र संरक्षण गर्दै विकास गर्ने योजना, वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा उल्लेखित बुँदा अक्षरस पालना गर्ने प्रतिबद्धता गर्न इच्छुक सरकारपक्षले देखाए खोकनामा प्रस्थानविन्दु बनाउन खोकनाबासी सकरात्मक रहेको उहाँको भनाइ छ।

१ मिनेटमा ३५ वटा मालबाहक सवारी ६० देखि १२० प्रतिघन्टामा गुड्दा निस्कने धुलो, धूवाँले मानवबस्तीमा क्षयरोग, एचआईभी/एड्स, क्यान्सरका रोगीको संख्या बढ्दै जाने र त्यो संख्या दीर्घकालीनसम्म नघट्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।

त्यस्तै फास्ट ट्र्याक बनिसकेपछि बस्तीमा लुटपाट, चोरी, डकैती मच्चिने, चेलीबेटी तथा मानव बेचविखन बढ्ने भनिएको छ भने रोजीरोटी नहुँदा खोकना, बुंगमतीलगायत क्षेत्रका स्थानीयले थातथलो छोडेर अन्तै जानुपर्ने स्थिति आउन सक्नेतिर प्रतिवेदनले औंल्याएको छ।

प्रतिवेदनमा उल्लेखित यस्ता समस्या समाधानका लागि तत्काल गर्नुपर्ने कार्यहरू तुरुन्त थाल्नुपर्ने मुख्य माग नै खोकनाबासीको रहेको छ। अर्को कुरा खोकना र बुंगमतीमा ऐतिहासिक र पुरातत्विक सम्पदा रहेकामा त्यस सम्पदालाई आयोजनाले प्रत्यक्ष असर गर्ने भए पनि यस विषयमा प्रतिवेदनमा एक शब्द नपोखेकामा खोकनाबासी असन्तुष्ट छन्।

भलै फास्ट ट्र्याकको काठमाडौंतिरको प्रवेशविन्दु अर्थात् बसपार्क खोकनाबाट बुंगमतीको फर्सिडोलमा सार्ने निर्णय भएर मन्त्रिपरिषद्बाट पारित गराउन पठाइसकेको छ। मन्त्रिपरिषद्बाट कस्तो निर्णय आउला भन्नेमा यतिबेला खोकनाबासी, बुंगमती, फर्सिडोल र नेपाली सेना पर्ख र हेरको अवस्थामा छन्।

तर बुंगमतीमा बसपार्क राख्ने स्थानीयस्तरमा निर्णय भइरहँदादेखि नै स्थानीयले विरोध गरिरहेको छ भने यदि यहाँ नै बनाउने सरकारले निर्णय गरे पनि स्थानीयको मागलाई समयमै सम्बोधन नगरे उही खोकनाकै पारा नदोहोर्‍याउला भन्न सकिँदैन।

खोकनाबासीले सिकाली मन्दिर र उसको हाताभित्रको मैदानलाई लिएर ठूलै विरोध जनाए। उही घटना बुंगमति फर्सिडोलमा पनि दोहोरिँदैन भन्न मिल्दैन। किनकी बुंगमतीबासीले मनाउने ऐतिहासिक पर्व खड्गजात्रा बुंगमतीको फर्सिडोलमा रहेको कुमारी चौरबाट औपचारिक सुरुआत हुन्छ। कुमारी चौर त्यो हो, जुन हाल निर्णय गरेर फास्ट ट्र्याकका बसपार्कको लागि प्रस्तावित गरेको चौर हो।

बुंगमतीबासी ऐतिहासिक पर्व खड्गजात्रा दशैंताका दशमी र एकादशीका दिन धुमधाम मनाउने गरेको मछिन्द्रनाथको पुजारीको संघ बत्तीस पानेजो संघका अध्यक्ष यज्ञ रत्नशाक्यले बताउनुभयो।

उहाँले बुंगमतीको फर्सिडोलमा रहेको कुमारी चौरमा दशमीको साँझ पोथी हाँस र बोकाको बलि दिएपछि औपचारिकरूपमा खड्गजात्रा शुरू हुने बताउनुभयो।

उहाँले भन्नुभयो- 'दशैंको दशमीका दिन साँझ पोथी हाँस र बोकाको बलि दिएपछि हाम्रो जात्रा शुरू हुन्छ। यो हाम्रो बुंगमतीबासीको ठूलो पर्व हो। यो भोलिपल्टसम्म खड्ग परिक्रमा गरेर मनाउँछौं।'

फास्ट ट्र्याकले यस्तो ऐतिहासिक गाथा बोकेको स्थानको नाश गर्ने भएपछि आफूहरू चिन्तित भएको उहाँले बताउनुभयो। 'हामी यस विषयमा चिन्तित छौं त्यसकारण हामीले अहिलेलाई विभिन्न ठाउँमा ऐतिहासिकस्थल नमास्न ध्यानाकर्षण गरिरहेका छौं' -उहाँले बताउनुभयो।

यदि योजना कुनै पनि हालतमा अगाडि बढाउनै परे यस्तो स्थानलाई नमासिने गरी, संरक्षण गर्ने गरी, असर नपर्ने गरी फास्ट ट्र्याक निर्माण गर्न सकिने उहाँको सुझाव रहेको छ।

त्यस्तै स्थानीय अनिल तुलाधारले आफूहरू विकासको विरोधी नभई नियमसंगत ढंगले गर्ने विकासको पक्षमा रहेको धारणा राख्नुभयो।

विसं २०६६ सालमा प्रथम पटक शिलान्यास भएको यो मार्ग पटक-पटकको विवादकै कारण बहुचर्चित बन्न पुग्यो। यता सेनाका प्रवक्ता गोकुल भण्डारीले काम गर्दै जाँदा विभिन्न समयमा देखिएका विवाद हल गर्न हर सम्भव प्रयासरत रहेको बताउनुभयो।

'हाललाई विवाद त शून्यजस्तै छ। तर पनि ती विवाद निस्किएका स्थानका स्थानीयसँग छलफलमा छौं', उहाँले भन्नुभयो- 'उहाँहरूसँग विभिन्न चरणको छलफल भइरहेको छ।' अहिले फास्ट ट्र्याकको काठमाडौंतिरको ० किलोमिटरका विषयमा भने सरकारको निर्णय नआएसम्म पर्ख र हेरको अवस्थामा रहेको उहाँले बताउनुभयो।

विवाद नआएको स्थानमा भने सेनाको प्रत्यक्ष निगरानीमा सडक चौडा गर्ने, सम्म पार्ने र कुलेसो बनाउने काममा २ महिनादेखि खटिएको जानकारी दिनुभयो। उहाँले यस कार्यका लागि २४ ठेकेदार कम्पनी खटेर काम गरिरहेको बताउनुभयो।

७६.२ किमि दुरीको यो मार्ग ४ लेनको हुनेछ भने यो मार्ग ललितपुरको खोकनाबाट शुरू भई काठमाडौंको चाल्नाखेल, मकवानपुरको इपा-पञ्चकन्या, छतीवन, बाराको रतनपुरी हुँदै निजगढमा जोडिनेछ।

# श्रमिकको हकहितका लागि मेरो उम्मेदवारी : राई



लामो समयदेखि श्रमिक आन्दोलनमा क्रियाशील, ट्रेड युनियन कांग्रेसआबद्ध यातायात मजदूर संघको एक पूर्ण अवधि केन्द्रीय सदस्य, महासचिव र लगातार ३ अवधि अर्थात् १५ वर्ष केन्द्रीय अध्यक्ष, ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिको १५ वर्ष केन्द्रीय सदस्य रही गत २०७४ चैतमा सर्वसम्मत ढंगाबाट संघको राष्ट्रिय कार्यसमिति हस्तान्तरण गर्नुभएका तथा लामो समयदेखि इन्टरनेसनल ट्रान्सपोर्ट वर्कर्स फेडेरसन, लन्डनका एसिया प्रशान्त क्षेत्रका कार्यसमिति सदस्य रहनुभएका तथा पुश्कर आचार्य समूहबाट खुला उपाध्यक्ष पदमा प्रत्याशी रहनुभएका युवा श्रमिक नेता अजयकुमार राईसँग ट्रेड युनियन कांग्रेसको छैठौं राष्ट्रिय महाधिवेशनका सन्दर्भमा गरिएको कुराकानीको सम्पादित अंश।

**यो तपाईंहरूको महाधिवेशन के नारामा सम्पन्न हुन गइरहेको छ?**

दिगो विकासका लागि मर्यादित रोजगारी-सुदृढ लोकतन्त्र र आर्थिक समृद्धि हाम्रो जिम्मेवारी भन्ने मूल नारासहित छैठौं राष्ट्रिय महाधिवेशन काठमाडौंमा यही जेठ २९ देखि ३१ सम्म सम्पन्न गर्न गइरहेका छौं। यो हामी प्रजातन्त्रवादी श्रमिकको चाड उत्सव पनि हो।

**तपाईंको उम्मेदवारी किन?**

पुश्कर आचार्य समूहबाट खुलाको उपाध्यक्षतर्फ मेरो उम्मेदवारी हो। मैले लामो समयसम्म यातायात मजदूर संघमा रहेर यातायात श्रमिकका पक्षमा काम गरें र यसपटक ट्रेड युनियन कांग्रेसमा बसेर सबै प्रकृतिका श्रमिक कर्मचारी साथीका हक अधिकारका पक्षमा काम गर्नका लागि र मैले लामो समयसम्म संघमा काम गरेको अनुभवलाई व्यवहारमा उतार्न पनि हो मेरो उम्मेदवारी।

**तपाईंलाई किन प्रतिनिधिले सहयोग गर्ने?**

म १ जना संगठक हुँ। मेरा टिमका सबै साथीभाइको सहयोगले यातायात मजदूर संघलाई संस्थागतरूपमा स्थापित गरेको छु। म आफू लामो समयदेखि श्रमिक आन्दोलनमा समर्पित छु। यो श्रमिक आन्दोलन मैले राष्ट्रिय अन्तर्राष्ट्रियरूपमा बुझेको छु। विदेशी श्रमिक आन्दोलनका नेता तथा विदेशी ट्रेड युनियनसँगको सम्बन्ध राम्रोसँग स्थापित गरेको छु। त्यो सम्बन्धलाई ट्रेड युनियन कांग्रेस आबद्ध सदस्यलाई सहयोगका रूपमा उतार्न सक्छु। उर्जावान ढंगले नयाँ सोच र प्रविधिका साथ काम गर्ने लक्ष्य राखेको छु। मैले बुझेको ट्रेड युनियन भनेको र्‍याडिकल हुनुपर्दछ तर त्यो अहिले भुत्ते भएको छ। त्यसलाई धारिलो बनाउन पनि हामीजस्तो उर्जावान व्यक्ति नेतृत्वमा आउनुपर्दछ भन्ने लाग्दछ र म जहिले पनि वर्गीय आन्दोलनको अभियन्ता भएकाले पनि सबै साथीले सहयोग गर्नुहुन्छ भन्ने अपेक्षा राखेको छु।

**नेपाली ट्रेड युनियन आन्दोलनका के-के चुनौती छन् अहिले?**

वर्तमान कम्युनिस्ट सरकारले बहुमतको दम्भमा मजदूर संगठनलाई निस्तेज पार्न खोजेको अनुभूति भइरहेको छ। मन्त्रीहरूले ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउनुपर्छ भन्ने कुरा सार्वजनिकरूपमा बोल्दै हिँडेकाले प्रथम चुनौती म त्यहीदेखि रहेको छु। लामो समयदेखि कार्यरत शिक्षकको स्थायी सरकारले नगरेको अवस्था छ। कारखाना श्रमिकका विपक्षमा औद्योगिक व्यवसाय ऐन ल्याइएको छ, त्यो अर्को चुनौती हो। नयाँ श्रम ऐन र सामाजिक सुरक्षा ऐन आएको छ। त्यो नियमावली बनाइकन लागू गराउनुपर्ने अवस्था छ। अन्तर्राष्ट्रियरूपमै रोजगारी औपचारिक क्षेत्रबाट अनौपचारिक हुँदै गइरहेको छ। त्यो सबैलाई सम्बोधन गर्नुपर्ने चुनौतीसमेत रहेको छ। हाम्रो समूहले विजय हासिल गरे ती सबै मुद्दामा प्रतिबद्ध भएर समाधानका लागि लाग्ने प्रणसमेत गरेको छु।

**संस्थाको वैदेशिक सम्बन्ध कसरी अगाडि बढाउने सोचाइ बनाउनुभएको छ?**

ट्रेड युनियन कांग्रेस भनेको अन्य भातृ संस्थाजस्तो होइन। यसको आफ्नै छुट्टै प्रकारको विशेषता छ र वैदेशिक सम्बन्ध पनि रहिआएको छ। अहिले पहिलेभन्दा वैदेशिक सम्बन्ध कमजोर अवस्थामा छ। तसर्थ त्यसलाई बलियो बनाउन पनि म लागिपर्नेछु। म लामो समयसम्म इन्टरनेसनल ट्रान्सपोर्ट वर्कर्स फेडेरेसनको एसिया प्रशान्त क्षेत्रको सदस्य भएको र भारतीय ट्रेड युनियन महासंघका नेतासँग पनि मेरो व्यक्तिगत सम्बन्ध राम्रो रहेकाले आपसी भाइचारा कायम गर्दै वर्षमा १,२ वटा अध्ययन भ्रमणको व्यवस्था गर्ने सोच बनाएको छु र म इमान्दारिताका साथ भन्छु, मलाई ट्रेड युनियन कांग्रेसको पदाधिकारी भएर विदेश जान रहर भएको चाहिँ होइन। म २४ वर्षको उमेरमा संगठनबाट १ हप्ते ट्रेड युनियनको तालिममा जर्मन गएको हुँ। यदि त्यस्तै थियो, पैसा कमाउने रहर थियो भने म पलायन पनि हुन्थे होला। त्यसपछि पनि पटक-पटक वैदेशिक तालिम, बैठकका लागि विश्व मानचित्रका विकसित देशमा गएको छु तर मैले मेरो जीवन नै यो श्रमिक आन्दोलनमा लगाउनुपर्छ भन्दै आन्दोलनको अग्र मोर्चामा रहेर काम गर्दै आएको छु।

> म इमान्दारिताका साथ भन्छु, मलाई ट्रेड युनियन कांग्रेसको पदाधिकारी भएर विदेश जान रहर भएको चाहिँ होइन।

**तपाईं महासंघको पदाधिकारीका लागि जुनियर हुनुभो भन्ने आरोप लगाइएको छ?**

म पहिलो पटक तपाईंको मुखबाट यो कुरा सुन्दैछु। कसैले संघमा काम गर्‍यो होला, कसैले महासंघमा काम गर्‍यो होला। संघमा ३,३ अवधिमा करिब १५ वर्ष राष्ट्रिय अध्यक्ष चलाउँदा र अन्तर्राष्ट्रिय संगठनको समितिमा बसेर काम गर्दा पनि जुनियर होइन्छ भने मेरो भन्नु केही छैन। १५ वर्षदेखि निरन्तर ट्रेड युनियन कांग्रेसको राष्ट्रिय समितिभित्र सदस्यका रूपमा क्रियाशील छु। माओवादी द्वन्द्वकालमा समेत देशभर संगठन गर्दै हिँडेको छु। अब जुनियर सिनियरको मापदण्ड के हो मैले बुझेको छैन। त्यो पोजिसनका लागि त्यो व्यक्ति काबिल छ छैन भन्ने पनि हेरिनुपदर्छ जस्तो लाग्छ। मेरो क्षमतालाई देखेर केही साथी अत्तालिनुभएको हो कि भन्ने लागेको छ।

**तपाईंको जितका आधार के-के हुन?**

मैले लामो समयदेखि देशभर संगठन गर्दै आएको छु। सबै साथीभाइले मेरो कामको प्रशंसा पनि गर्नुभएको छ। ट्रेड युनियन कांग्रेसले एमाले निकट मजदूर संगठनसँग संयुक्तरूपमा करिब १ महिना चलाएको प्रशिक्षणको ट्रेड युनियन विषयको प्रशिक्षक पनि हुँ र त्यसको माध्यमबाट मैले धेरै साथीलाई तालिम दिलाउने अवसर प्राप्त गरेको छु। तिनै प्रशिक्षार्थी कोही आबद्ध संघको अध्यक्ष, महासचिव, जिल्ला ट्रेड युनियनको अध्यक्ष हुनुभएकाले ती सबै साथीबाट सहयोग पाउँदै आएको छु र अबको चुनावमा पनि त्यो सहयोग पाउने अपेक्षा गरेको छु। मेरो जितको आधार पनि त्यही नै हो। म निरन्तर आन्दोलनमा छु। कहीं कतै विचलित भएको छैन र म कहीं कतै ट्रेड युनियनको नाममा पलायन भएको पनि छैन। मैले यातायात मजदूर संघ छाड्दै गर्दा यातायात मजदूर संघको कार्यालयलाई व्यवस्थित बनाएर छाडेको छु। गत चैतमा भएको संघको अधिवेशनमा सबै कार्यसमिति निर्विरोध चयन गराउन सफल भएँ। त्यो नेतृत्व गर्ने क्षमता भएर नै होला तसर्थ यी सबै कारण मेरा जितका आधार हुन्।

**अन्त्यमा केही भन्नु छ?**

यो आन्दोलनमा केही विकृति विसंगति रहेको छन्। त्यसलाई सही दिशामा ल्याउन र परिमार्जन गर्न पनि पुश्कर आचार्यको समूहलाई जिताउन हुन सबै साथीमा म हार्दिकताका साथ अपिल पनि गर्दछु।